# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको
# (एघारौं संशोधन) प्रवन्धपत्र, २०७९

साधारण सभाबाट पारित मितिः २०७९।०९।२६

१. प्रवन्धपत्रको दफा २ मा संशोधनः प्रवन्धपत्रको दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ३१ मा रहनेछ।"

२. प्रवन्धपत्रको दफा ६ मा संशोधनः प्रवन्धपत्रको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २४,५५,९८,१३,४००।- (अक्षरेपी चौबिस अर्ब पचपन्न करोड अन्ठानब्बे लाख तेह्र हजार चार सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका २४,५५,९८,१३४ (चौबिस करोड पचपन्न लाख अन्ठानब्बे हजार एक सय चौतिस) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १९,५७,०२,१३,४००।- (अक्षरेपी उन्नाइस अर्ब सन्ताउन्न करोड दुई लाख तेह्र हजार चार सय रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,९८,९६,००,०००।- (अक्षरेपी चार अर्ब अन्ठानब्बे करोड छयानब्बे लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,९८,९६,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,४९,४८,००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला | २,४९,४८,००० |

| | | |
|---|---|---|
| | मन्त्रालय | |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,४९,४८,००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | १,२४,७४,००० |
| ६. | राष्ट्रिय बीमा संस्थान | १,२४,७४,००० |
| ७. | नागरिक लगानी कोष | १,२४,७४,००० |
| ८. | अन्य संस्थापक | ३,३५,४०,१३४ |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।"

३. <u>प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूचीमा संशोधन:</u> प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को खण्ड (क) बुँदा नं. ४ को सट्टा देहायको बुँदा नं. ४ राखिएको छः-

"४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोषको २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ। तर, कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा कुल पूँजी कोषको ५० प्रतिशतसम्म लगानी गर्न सक्नेछ।"

२०६९/१०/२२
सहायक रजिष्ट्रार